रुवी भ्याली गाउँपालिकाका सम्पूर्ण  सभा सदस्य ज्यूहरु,

रुवी भ्याली गाउँपालिकाको यस गरिमामय १९ औँ गाउँ सभामा उपस्थित गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरू, जनप्रतिनिधिज्यूहरू तथा आमन्त्रित महानुभावहरूमा हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्दछु । यस ऐतिहासिक अवसरमा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरव र जिम्मेवारीको अनुभूति गरेको छु ।

यस नीति तथा कार्यक्रम तर्जुमाको क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महत्वपूर्ण राय, सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने गाउँ सभाका सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, गैरसरकारी संघसंस्था, सामाजिक अभियन्ता, बुद्धिजीवी वर्ग, विषयगत शाखाका प्रमुख तथा कर्मचारी साथीहरू, शिक्षक समुदाय, आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

यस महत्वपूर्ण अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, राजनीतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, सशस्त्र संघर्ष, मधेस आन्दोलन, जनजाति आन्दोलन लगायतका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतान्त्रिक परिवर्तनका क्रममा योगदान पुर्‍याउनुहुने बेपत्ता योद्धा, घाइते, अपाङ्गता भएका व्यक्ति तथा शहीद परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

समृद्ध, सुन्दर, सुरक्षित र आत्मनिर्भर रुवी भ्याली गाउँपालिका निर्माण गर्ने हाम्रो साझा संकल्प, गाउँपालिकावासी नागरिकहरूको विकासप्रतिको आकांक्षा तथा निर्वाचनका क्रममा व्यक्त गरिएका प्रतिबद्धताहरूलाई आत्मसात गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ । स्थानीय सम्भावना, जनचाहना र दिगो विकासको अवधारणालाई केन्द्रमा राख्दै गुणस्तरीय पूर्वाधार निर्माण, प्रभावकारी सेवा प्रवाह, सामाजिक विकास र आर्थिक समृद्धिको यात्रालाई अघि बढाउने लक्ष्य लिइएको छ ।

गाउँपालिकाभित्र उपलब्ध प्राकृतिक स्रोत र स्थानीय सम्भावनाको उचित पहिचान तथा परिचालन गर्दै दिगो आर्थिक विकासमार्फत समृद्ध गाउँपालिका र सुखी नागरिकको लक्ष्य हासिल गर्ने नीति अवलम्बन गरिनेछ । रुवी भ्यालीलाई प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको उत्कृष्ट गन्तव्यको रूपमा स्थापित गर्न पर्यटन पूर्वाधार विकास, पर्यटक सुरक्षा, सूचना प्रवाह तथा स्थानीय सहभागितामा विशेष जोड दिइनेछ ।

गाउँपालिकाको मौलिक पहिचानका रूपमा रहेका स्थानीय भाषा, धर्म, संस्कार, संस्कृति, भेषभूषा, कला तथा परम्पराहरूको संरक्षण र प्रवर्द्धनका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ । शिक्षा क्षेत्रलाई समयसापेक्ष, प्रविधिमैत्री र गुणस्तरीय बनाउँदै आधुनिक शिक्षण सिकाइ पद्धतिको विकासमा जोड दिइनेछ ।

भौगोलिक विकटता र यातायात पहुँचको चुनौतीलाई सम्बोधन गर्दै सडक सञ्जाल विस्तार, स्तरोन्नति तथा आवश्यक पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राखिनेछ । लामो समयदेखि यातायात सेवाबाट वञ्चित बस्तीहरूलाई विकासको मूल प्रवाहमा जोड्ने उद्देश्यले बागमती प्रदेश  तथा संघीय सरकारसँग समन्वय गरी पहुँचयुक्त पूर्वाधार निर्माणमा लगानी विस्तार गरिनेछ ।

स्थानीय लघु जलविद्युत आयोजना, पर्यटन पूर्वाधार, जडीबुटी तथा कृषि क्षेत्रको विकासमा जोड दिई आर्थिक विकासका आधारका रूपमा विकास गर्दै लगिनेछ । स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयआर्जनका अवसर विस्तार गरी युवाशक्तिलाई स्थानीय स्तरमै परिचालन गर्ने वातावरण निर्माण गरिनेछ ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा अनुदानमा आएको सीमितताले स्थानीय तहका विकास योजना र कार्यक्रम कार्यान्वयनमा चुनौती सिर्जना गरेको वर्तमान अवस्थामा उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन, वित्तीय अनुशासन तथा आन्तरिक राजस्व अभिवृद्धिलाई प्राथमिकता दिइनेछ । स्थानीय स्रोत अन्तर्गत विशेष घुम्ती शिविर सञ्चालन गरि कृषि तथा पशुपालन क्षेत्रलाई पेशाको रुपमा आबद्ध कृषकहरुको हितमा थप अनुदान तथा आत्मनिर्भर बनाउने कार्यक्रमहरु अवलम्वन गरिनेछ ।

यसै उद्देश्यका साथ आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमले सुशासन, समावेशी विकास, दिगो पूर्वाधार, आर्थिक आत्मनिर्भरता, सामाजिक न्याय र नागरिकमैत्री सेवा प्रवाहलाई केन्द्रमा राखेको छ । सबैको सहकार्य, विश्वास र सक्रिय सहभागिताबाट रुवी भ्याली गाउँपालिकालाई समृद्ध र नमुना स्थानीय तहको रूपमा स्थापित गर्ने विश्वास व्यक्त गर्दछु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाई आदि )

नेपालको संविधानमा स्थानीय तहको शासन सञ्चालन, अधिकार क्षेत्र तथा सेवा प्रवाह सम्बन्धी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगद्वारा जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, विभिन्न चरणमा गरिएको सहभागितामूलक छलफल, सुझाव तथा अनुभवबाट प्राप्त सिकाइलाई समेट्दै रुवी भ्याली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

गाउँपालिकाको समग्र विकास यात्रामा स्थानीय जनसमुदाय, उपभोक्ता समिति, सामाजिक संघसंस्था साझेदारको रुपमा निरन्तर सहयोग र सहभागिता रहँदै आएको छ । जनताको आवश्यकता, स्थानीय सम्भावना तथा दिगो विकासका लक्ष्यलाई केन्द्रमा राखी सुशासन, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यसहित गाउँपालिकाले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहका कार्यहरूलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको छ ।

विगतका आर्थिक वर्षहरूमा तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा गाउँ सभाका सदस्यहरू, जनप्रतिनिधिहरू तथा प्रशासनिक संयन्त्रको सहकार्यबाट उल्लेखनीय प्रगति हासिल हुँदै आएको छ । गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरूलाई प्रचलित कानुन, प्राविधिक मापदण्ड र संस्थागत प्रक्रियाको पालना गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था सुदृढ गरिएको छ । आर्थिक प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउदै आ.व. २०८१/०८२ को  महालेखा परीक्षकको बार्षिक प्रतिवेदन, २०८३ बमोजिम धादिङ जिल्लामध्ये कै कम बेरुजु भएको स्थानीय तहको रुपमा उल्लेख भएको छ ।

जनसहभागिता र जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको सकारात्मक अभ्यासलाई निरन्तरता दिँदै विकास व्यवस्थापनमा नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व, पारदर्शिता र सुशासनका मूल्यमान्यतालाई थप सुदृढ गरिनेछ । गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाई समयानुकूल अद्यावधिक गर्दै आवश्यकता र कार्यबोझका आधारमा छरितो, सक्षम तथा परिणाममुखी संगठन संरचना विकास गरिनेछ। यसबाट प्रशासनिक तथा चालु खर्चमा मितव्ययिता कायम गर्दै सेवा प्रवाहलाई सहज, प्रभावकारी र विकेन्द्रित बनाउने तथा पूँजीगत लगानी र विकास खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, वित्तीय हस्तान्तरण तथा अन्य स्रोतहरूको उच्चतम, प्रभावकारी र परिणाममुखी परिचालन गर्दै आन्तरिक स्रोत व्यवस्थापन र वित्तीय आत्मनिर्भरता अभिवृद्धिका लागि आवश्यक पहल गरिनेछ ।

रुवी भ्याली गाउँपालिकालाई समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, आत्मनिर्भर तथा सुशासित स्थानीय तहको रूपमा विकास गर्ने दीर्घकालीन सोचका साथ यस नीति तथा कार्यक्रमले आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकासलाई समान प्राथमिकता दिएको छ । नागरिकका मौलिक अधिकारको सुनिश्चितता, समान पहुँच, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्वलाई सुदृढ गर्दै सहभागितामूलक योजना निर्माण, पारदर्शी कार्यसम्पादन र जवाफदेही सेवा प्रवाहमार्फत जनमुखी शासन प्रणाली स्थापना गर्ने लक्ष्य लिइएको छ ।

## चालु आर्थिक वर्ष ०८२/०८३ को महत्वपूर्ण उपलब्धि तथा कामहरु

## पूर्वाधार विकास तर्फः

### सडक

संघीय समपुरक अन्तर्गत बोराङ अवई कोच्चोगङ  अदाखोला तिप्लिङ सडक अन्तर्गत ब्रादुङ खण्डमा सडक स्तरोन्नति सम्पन्न भएको छ । प्रदेश समपुरक अन्तर्गत टाँसी छयोलिङ गुम्बा पुरु लिङ्जो सडक र लापा लाप्चेत कपुरगाउँ सडकको नयाँ ट्र्याक तथा स्तरोन्नति कार्य सम्पन्न भएको छ । सडक विस्तार सँगै वडा नं. ६ स्थित लाप्चेत गाउँ र कुप्चेत गाउँ पनि सडक सञ्जालमा जोडिएको छ ।

बागमती प्रदेश सरकारको नीति अनुसार मानव विकास सुचाङ्कमा कमजोर गाउँपालिकाको सडक निर्माण कार्यक्रम अन्तर्गत पूर्वाधार विकास कार्यालय, धादिङले यस गाउँपालिकाको सेर्तुङ सिङ्ला नुचेत भाल्चे सडक, पुरु लिङ्जो सडक, आखुखोला लापा खादिङ सडक र पेन्तिस्या तिर रिचेत कपुरगाउँ सडक स्तरोन्नतिका लागि ठेक्का प्रक्रिया सम्पन्न गरि सकेको छ । आ.व. २०८३/०८४ को निर्माण कार्य प्रारम्भ सँगै उक्त सडकहरुको स्तरोउन्ति कार्य सुरु हुनेछ ।

### सडक उद्घाटन

रुवी भ्याली गाउँपलिकाले सडक निर्माण तथा विस्तार कार्यलाई  प्राथमिकतामा राक्दै आएको छ । यस आ.व. मा आखु खोला लापा खादिङ सडक विस्तार कार्य सम्पन्न गरि लापा गाउँमा सडक उत्घाटन कार्यक्रम सम्पन्न भएको छ । त्यस्तै पेन्तिस्या चालिस सेर्तुङ सडक खण्ड स्तरोन्नति तथा निर्माण कार्य सम्पन्न गरि बागमती प्रदेशको भौतिक  पूर्वाधार मन्त्री डा. दिनेश चन्द्र देवकोटाको

प्रमुख आतिथ्यतामा सडक उद्घाटन कार्यक्रम सम्पन्न भएको छ। सडक विस्तारको क्रममा पेन्तिस्या तिर रिचेत कपुरगाउँ सडक निर्माण कार्य पनि तिब्र गतिमा अगाडी बढिरहेको छ। यस खण्डमा पर्ने तिर गाउँमा पनि सडक उद्घाटन कार्यक्रम सम्पन्न भएको छ।

## पुल

रुवी भ्याली गाउँपालिकाको वडा नं. २ र ३ स्थित साविकको तिप्लिङ र सेर्तुङ गाउँको सिमानामा रहेको अदाखोलामा बेलिब्रिज निर्माण कार्य सम्पन्न भएको छ। यो पुल निर्माण सँगै जोखिमपूर्ण यात्राबाट पिडित जनसमुदायको आवतजावतमा सहजता आउनेछ। पूर्वाधार कार्यालय धादिङमार्फत छयोदाङ स्योङ खोला सडक पुल, तातोपानी खोला सडक पुल, सोम्दाङमा मोटरेबल पुल, सेलाङचेत खोला सडक पुलहरुको DPR कार्य सम्पन्न गरेको छ। बागमती प्रदेशको आ.व. २०८३/०८४ को विनियोजित बजेटमा तातोपानी खोला सडक पुल र छयोदाङ स्योङ सडक पुल निर्माणका लागि बजेट व्यवस्थापन भईसकेको छ।

## शिक्षा

रुवी भ्याली गाउँपालिका र सेचेन करुणाको साझेदारीमा वडा नं. २ स्थित श्री गोठेन देवी आ.वि. को RCC भवन निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी सेचेन करुणासँगको साझेदारीमा लापा मा.वि.मा शौचालय निर्माण कार्य सम्पन्न भएसँगै विद्यालयको स्वास्थ्य तथा सरसफाई क्षेत्रमा सुधार आउने छ।

## स्वास्थ्य

बागमती प्रदेशको शशर्त कार्यक्रम अन्तर्गत रुवी भ्याली गाउँपालिकाको आधारभूत अस्पतालमा ट्रस्ट निर्माण कार्य सम्पन्न भएको छ। ट्रस्ट निर्माण सँगै अस्पतालको सेवा प्रवाहमा थप सुदृढ हुने भएको छ। तेङचेत स्वास्थ्य ईकाई भवन निर्माण कार्य सुचारु भएको छ। सेचेन करुणाको आर्थिक सहयोग र पालिकाको समन्वयमा हिन्दुङ स्वास्थ्य इकाई भवन निर्माण कार्य सम्पन्न भईसकेको छ। साथै सेर्तुङ आधारभूत अस्पतालमा प्यासेन्टा पिच निर्माण कार्य पनि सम्पन्न भएको छ।

## खानेपानी

बागमती प्रदेशको विशेष अनुदान अन्तर्गत वडा नं. ४ स्थित बोराङ गाउँमा एक घर एक धारा र वडा नं. ६ स्थित कपुरगाउँमा खानेपानी निर्माण कार्य सम्पन्न भएको छ। अव्यवस्थित खानेपानीबाट पीडित समुदायले खानेपानी निर्माणबाट प्रत्यक्ष लाभ लिने विश्वास लिईएको छ।

## सेर्तुङ प्रहरी चौकी

बागमती प्रदेशको आर्थिक सहयोगमा रुवी भ्याली गाउँपालिकाको वडा नं.३ स्थित सेर्तुङ प्रहरी चौकी भवन निर्माण कार्यको शिलन्यास भएको छ। जिल्ला प्रहरी कार्यालय धादिङको ठेक्का व्यवस्थापन र बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट व्यवस्थापनमा निर्माण कार्य हुने भएको छ। प्रहरी कार्यालय निर्माण प्रकृया सुरुवात सँगै यस क्षेत्रको सुरक्षा चुनौती व्यवस्थित हुने विश्वास लिएको छ।

### सरसफाई

सेचेन करुणाको आर्थिक सहयोगमा यस गाउँपालिकाको वडा नं. ३ स्थित बिउ भण्डारण केन्द्रको निर्माण चरणमा रहेको छ। जसले गर्दा स्थानीय कृषकहरुलाई बिउ संकलन तथा व्यवस्थापनमा रहात मिल्ने छ।

### पर्यटन पूर्वाधार

यस आ.व. मा धार्मिक एवम् पर्यटकीय स्थल सिङ्ला क्षेत्रको मचेतमा विश्राम घर र शौचालय निर्माण कार्य सम्पन्न भएको छ। पर्यटन पूर्वाधार सुधार अन्तर्गत यस गाउँपालिकाको वडा न. १ स्थित लगभग ३७०० मि. को उचाईमा क्षराचो विश्राम घर निर्माण भएको छ। साथै वडा नं. ६ स्थित पर्यटकीय स्थल गणेश कुण्डमा पनि विश्राम घर निर्माण भएको छ। सेचेन करुणाद्वारा यस गाउँपालिकाको वडा नं. १ स्थित बाबिल तातोपानी पूर्वाधार निर्माण सम्पन्न भएको छ। यसले गर्दा आन्तरिक तथा बाह्य पर्यटनहरुको प्रवर्द्धन हुने र यसबाट लाभ लिन सकिने छ। रुवी भ्याली गाउँपालिकाको दुर्गम गाउँ वडा नं. १ मा रहेको धार्मिक एवम् पर्यटकीय स्थल कालो दह सेतो दहमा पर्यटकीय पदमार्ग निर्माण कार्य सम्पन्न भएको छ। वडा नं. ४ स्थित गर्चो रेलिङ मार्ग, शिवडाडा पुजारी घर निर्माण, विद्यालय घेराबार निर्माण जस्ता थुपै कार्य पनि सम्पन्न भएको छ। साथै यस आ.व. मा विभिन्न वडाहरुमा पदमार्ग, सहायक सडक तथा प्रतिक्षालयहरुको पूर्वाधार निर्माण तथा विस्तार कार्य सम्पन्न भएको छ।

### धार्मिक पूर्वाधार

रुवी भ्याली गाउँपालिकाले धार्मिक एवम् सांस्कृतिक पूर्वाधार निर्माणलाई विशेष जोड दिँदै आइरहेको छ। यस आ.व. मा वडा नं. १ स्थित ङसिङबो चर्च भवन निर्माण सम्पन्न हुँदै छ। त्यसैगरी बागमती प्रदेश सरकारद्वारा विनियोजित रकमबाट अपुरो रहेको वडा नं. ६ स्थित रुवीनाला गुम्बा निर्माणका लागि गाउँपालिकाबाट थप बजेट विनियोजन गरि निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

## आर्थिक विकास तर्फः

### पशु

रुवी भ्याली गाउँपालिकाको प्रमुख पेशा मध्ये पशुपालन पनि एक हो। यस गाउँपालिकाले बागमती प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरेर विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दे आएको छ। रुवी भ्यालीको भौगोलिक विशेषता अनुसार याक तथा चौरी गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। गत आ.व.मा बँदेल पालन सम्बन्धी तालिम सञ्चालन गरि तालिममा सहभागी कृषकहरुलाई बँदेलको पाठापाठी वितरण गरिएको छ। गाउँपालिकाले  पशु सेवा कार्यक्रम अन्तर्गत औषधी खरिद कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। यस आ.व.मा च्याङग्रा प्रवर्द्धनसँगै ट्राउट माछा पालन तालिम पनि सम्पन्न गरिएको छ। साथै वडा नं. ६ मा भोटे कुकुर पालन तथा व्यवस्थापन तालिम सञ्चालन अन्तिम चरणमा रहेको, वडा नं. २ को तिप्लिङ आरनटोलमा बाख्रापालन सम्बन्धी सीप विकास तालिम सम्पन्न भएको छ।

## कृषि

कृषि रुवी भ्याली गाउँपालिको आम्दानीको स्रोत मध्ये प्रमुख स्रोत हो। गाउँपालिकाले कृषि विकासतर्फ विभिन्न क्रियाकलापहरु गर्दै आएको छ। प्रदेश सरकारको पकेट क्षेत्र कार्यक्रम अन्तर्गत वडा नं. ३ स्थित सेर्तुङ गाउँलाई आलु पकेट क्षेत्रको रुपमा विकास गर्न कार्यक्रमलाई दिंदै आएको छ। यस गाउँपालिकाको वडा नं. १ मा पर्ने पुरु गाउँमा स्याउ खेतीको प्रबल सम्भावना देखिएकोले स्याउको नयाँ बगैचा स्थापना तथा बेर्ना अनुदान कार्यक्रम अघि सारिएको छ। रुवी भ्यालीमा बुद्धचित्त माला प्रवर्द्धनका लागि सम्भावना देखिएकोले कृषकहरुलाई बुद्धचित्तको विरुवा वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै चाइनिज बाँस, कफि र अलैचीको विरुवा वितरण कार्यक्रम समेत सम्पन्न भएको छ। व्यावसायिक फलफुल खेती प्रवर्द्धन अन्तर्गत वडा नं. ३ मा सुन्तला र कागतीको बोट रोपाई कार्यक्रम र वडा नं. ५ मा किवी विरुवामा थाक्रा व्यवस्थापन कार्य सम्पन्न भएको छ। उल्लेखित कार्यक्रमहरुबाट समग्र रुवी भ्यालीको कृषि क्षेत्रको विकास सँगै आर्थिक विकासमा टेवा पुग्ने विश्वास लिएको छ।

## उद्यम तथा उद्यमशिलताः

यस गाउँपालिकाको लक्षित वर्ग, एकल महिला, कृषक र उद्यमीहरुलाई विभिन्न किसिमका सीप विकास सम्बन्धी तालिम कार्यक्रमहरु सम्पन्न भएको छ। नमुना वडा समाजवादी कार्यक्रम अन्तर्गत सिलाई बुनाई सम्बन्धी आधारभूत तालिम लिएका सहभागीहरुलाई थप एडभान्स तालिम व्यवस्था गरि तालिम सम्पन्न भएको छ। साथै यस रुवी भ्याली गाउँपालिकामा उत्पादित भेडाको ऊन प्रशोधन गरी परम्परागत तथा आधुनिक किसिमका ऊनको बाखु बनाउने तालिम सम्पन्न भएको छ। जसले गर्दा भेडा ऊनबाट बनेका सामानहरुलाई बजारीकरण गरी उचित आर्थिक उपार्जन गर्न सकिने विश्वास लिएको छ। साथै दलित महिलाहरुलाई आर्थिक रुपमा सक्षम बनाउनका लागि सुङ्गुर बङ्गुर पालन तालिम कार्यक्रम सञ्चालन प्रक्रियामा रहेको छ।

## वित्तीय साक्षरता

यस गाउँपालिकाको वडा नं. ६ स्थित खादिङमा सहकारी व्यवस्थापन तथा वित्तीय साक्षरता सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ। जसले गर्दा सहकारी क्षेत्रको विकास सँगै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहकारीमा संलगन भएकाहरुको जीवनस्तरमा सुधार आउनेछ।

# सामाजिक विकास तर्फः

## शिक्षा, युवा तथा खेलकुद

गाउँपालिकाले ४(चार) वटा मा.वि.मा कराँते खेललाई निरन्तरता दिंदै आएको छ। BLACK BELT दिक्षान्त समारोह कार्यक्रममार्फत तालिममा सहभागी खेलाडीहरुलाई Diploma Level को Certificate र Black Belt वितरण कार्यक्रम सम्पन्न भएको छ। प्रत्येक वर्षझै यस आ.व. मा पनि पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता भव्य रुपमा सम्पन्न

भएको छ । यस प्रतियोगितामा प्रथम हुने विभिन्न विधाका खेलाडीहरुलाई जिल्ला हुँदै प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता गराईएको छ। जिल्ला स्तरीय रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई ९ स्वर्ण, २ रजत, र ३ कास्य सहित दोस्रो स्थान हासिल गर्न सफल भएको छ। त्यसैगरी प्रदेश स्तरीय रनिङ शिल्ड प्रतियोगितामा ३ कास्य हासिल गर्न सफल भएको छ। IEMIS सत्यपन गरि विद्यालयहरुको अनुगमन, शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१ बमोजिम विद्यालयहरुमा शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान सम्पन्न र उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी, उत्कृष्ट कार्यालय सहयोगी र उत्कृष्ट विद्यालयहरुलाई सम्मान कार्यक्रम सम्पन्न भएको छ । पालिकाले भलिबल, फुटबल लगायतका प्रतियोगिताहरुमा समेत आर्थिक सहयोग गरी खेल क्षेत्रको विकासमा नीतिगत रुपमा नै जोड दिँदै आएको छ।

### स्वास्थ्य

स्वास्थ्य तथा पोषण क्षेत्रको समग्र सुधारका लागि गाउँपालिकाले विभिन्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस अन्तर्गत बृहत् आँखा शिविर सञ्चालन गरी ९५ जना मोतिबिन्दु भएका नागरिकहरूको सफल शल्यक्रिया सम्पन्न गरिएको छ। क्षयरोगको समयमै पहिचान तथा उपचार सुनिश्चित गर्न आधुनिक प्रविधिमा आधारित AI X-Ray शिविर सञ्चालन गरी ११ जना क्षयरोगीहरूको सफल निदान तथा उपचार गरिएको छ। बहुक्षेत्रीय पोषण कार्यक्रममार्फत ४ वटा माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, ECD शिक्षक तथा विद्यार्थीहरूलाई पोषणसम्बन्धी प्रभावकारी अभिमुखीकरण प्रदान गरी १ वटा विद्यालयमा जङ्कफुड मुक्त विद्यालय तथा स्वास्थ्यकर पोषिलो खाजाको सुनिश्चितताको सुरुवात गरिएको छ। साथै, ८ वटा विद्यालयमा सञ्चालन गरिएको बृहत् स्वास्थ्य शिविरमार्फत ४७८ जना विद्यार्थीहरूको हेमोग्लोबिन परीक्षण गर्दा करिब ६ प्रतिशत किशोरकिशोरीमा देखिएको रक्तअल्पताको पहिचान गरी आवश्यक उपचार तथा परामर्श प्रदान गरिएको छ । गाउँपालिकालाई पूर्ण खोप दिगोपना सुनिश्चितता कायम राख्न नियमित रूपमा खोप कार्यक्रमको अनुगमन, व्यवस्थापन तथा निरन्तरतामा जोड दिइँदै आएको छ । यी कार्यक्रमहरूले नागरिकको स्वास्थ्य पहुँच विस्तार, रोगको समयमै पहिचान तथा रोकथाम, पोषण सुधार र स्वस्थ जीवनशैली प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

### धार्मिक तथा सांस्कृतिक:

प्रत्येक वर्षको भाद्र महिनामा यस गाउँपालिकाको धार्मिक एवम् पर्यटकीय स्थल सिङ्ला मानेमा हुने झाँक्री मेलामा आर्थिक सहयोग गर्दै आएको छ । त्यसैगरि विभिन्न सांस्कृतिक तथा धार्मिक पर्वहरुमा हुने कार्यक्रमहरुमा समेत सहकार्य गर्दै धार्मिक एवम् सांस्कृतिक सदभाव कायम गर्दै आएको छ। ल्होसार, क्रिसमस, बुद्धजयन्ती जस्ता धार्मिक कार्यहरुमा आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ।

### सामाजिक विकास:

बागमती प्रदेश सशर्त कार्यक्रम अन्तर्गत बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम, टोलटोलमा दलित महिला उत्थान कार्यक्रम सम्पन्न भएको छ । साथै नारी दिवस, योग दिवस लगायतका दिवसहरु मनाउदै आएको छ । त्यसैगरी यस

आ.व. मा एकल महिला आय आर्जन कार्यक्रम अन्तर्गत १०७ भन्दा बढी एकल महिलाहरुलाई लोकल कुखुराको बिउ वितरण कार्यक्रम सम्पन्न भएको छ। यस आ.व. मा जेष्ठ नागरिक परिचयपत्र वितरण शिविर सञ्चालन कार्यक्रम सञ्चालनको क्रममा रहेको छ।

### वातावरण विपद् व्यवस्थापन

नेपालभरि नै वन डढेलो एक प्रमुख वातावरणीय समस्याको रूपमा रहेको सन्दर्भमा यस गाउँपालिकाले वन डढेलो नियन्त्रण तथा न्यूनीकरणका लागि गाउँपालिकाभित्रका सम्पूर्ण वडाहरुमा गाउँ प्रहरीहरुलाई जिम्मेवार बनाई परिचालन गर्दै आएको छ। साथै, चालु आ.व. मा डढेलो नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी विभिन्न स्थानहरुमा सचेतनामूलक पर्चा, सूचना तथा सन्देशहरु टाँस गर्नुका साथै डढेलो लगाउने कार्यबाट हुने क्षति र प्रचलित कानुनी व्यवस्था बमोजिम जरिवाना व्यहोर्नुपर्ने विषयमा समुदायस्तरमा व्यापक जानकारी प्रदान गरिएको छ। यसबाट वन संरक्षण, वातावरणीय सन्तुलन कायम तथा डढेलो नियन्त्रणमा समुदायको सहभागिता अभिवृद्धि भएको छ।

## सुशासन तथा संस्थागत विकासतर्फः

### सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन

सूचना प्रविधि विकाससँगै यस गाउँपालिकाले प्रविधिमैत्री गाउँपालिका निर्माण गर्नका लागि संघिय विशेष अनुदान कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर, स्मार्ट टिभि, डेस्कटप जस्ता सामाग्रीहरु टेन्डर प्रकृयाद्वारा खरिद प्रकृया पूरा गरि २१ वटै विद्यालयमा हस्तान्तरण गर्ने चरणमा रहेको छ। यस गाउँपालिकाको श्री च्याम्रा देवी मा.वि.मा हालै मात्र विद्यार्थीहरुलाई STEM तालिम सञ्चालन गरि नवप्रवर्धन तथा फरक सोचको विकास सँगै खोज गर्ने बानीको विकास भएको छ। गाउँपालिकाले पालिकाको कार्यसम्पादनलाई थप प्रविधिमैत्री तथा प्रभावकारी बनाउनका लागि AI, E-Governance तथा सामाजिक सञ्जालको सही प्रयोग सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ। गाउँपालिका अन्तर्गतका मा.वि.हरुमा विद्यार्थीहरुमा साइवर सुरक्षा सम्बन्धी जनचेतनामूलक तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरि सचेत भएको छ। साथै यस गाउँपालिकाको वडा नं. ६ को गाउँहरुमा फ्रि वाईफाई जडान कार्य अगाडि बढेको छ। साथै यस रुवी भ्याली गाउँपालिकाको सामाजिक, आर्थिक, भौगोलिक तथा धार्मिक, विकास निर्माण तथा सम्भावना र चुनौतीहरु समेत समेटिएको भिडियो डकुमेन्ट्री निर्माण अन्तिम चरणमा रहेको छ। QR Code मार्फत योजना तथा कार्यक्रमहरु माग गर्ने नौलो अभ्यास गरिएको छ। सूचनाको हकलाई प्रत्याभूत गराउन गाउँपालिकाले website, फेसबुक पेजमा सूचनाहरु नियमित सम्प्रेषण गर्ने गरिएको छ। गाउँपालिकाको आधिकारिक लोगो निर्माण गरी पालिकाको website, फेसबुक पेज, लेटरहेडमा समावेश गरिएको छ। गाउँपालिकाको डिजिटल प्रोफाइल Update कार्यलाई निरन्तरता दिँदै आएको छ।

## प्रशासकीय तथा  प्रशासनिक सुधार

बर्षौंदेखि अस्थायी भवन (टहरा) बाट सेवाप्रवाह गरिआएको हुँदा यस आ.व. मा बृचेत, बोराङ स्थित प्रशासकीय भवनमा सरी व्यवस्थित रुपमा सेवाप्रवाह प्रदान गरिरहेको छ। प्रशासकीय भवनमा सरेसँगै विभिन्न शाखा/उपशाखाहरुको व्यवस्थापनमा थप सुधार भएको छ। भवनमा आवश्यक सभा व्यवस्थापन तथा अन्य आवश्यक कुराहरुको  व्यवस्थित हुँदै गएको छ। नियमित कर्मचारीहरुको बैठक बस्ने गरिएको, वडा वडामा गई योजना सम्झौता गरेको, पालिकाको कार्यसम्पादनमा थप सुधार ल्याउनका लागि पालिकाको आन्तरिक लेखापरिक्षण जाँच सूची (Check List) को निर्माण गरि सञ्चालनमा ल्याएको र पालिकाले विभिन्न नीति तथा कार्यक्रम अन्तर्गत कार्यविधि, नियमावली, ऐनहरुको निर्माण गरिएको छ। त्यसैगरी कार्यसम्पादनमा थप सुधार तथा प्रभावकारी ल्याउन कर्मचारीहरुलाई  SuTRA Revenue Module सम्बन्धी अभिमुखिकरण कार्यक्रम, क्षमता अभिवृद्धि, अन्तर्राष्ट्रिय प्रशिक्षकद्वारा नेतृत्व विकास सम्बन्धी तालिम, सीप विकास सम्बन्धी विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन भएको छ।

## न्याय सम्पादन

प्रशासकीय भवनमा सरेसँगै न्यायिक शाखामा इजलास व्यवस्थापन तथा निर्माण भएको छ । हालै मात्र रुवी भ्याली गाउँपालिकाले  प्रदेश स्तरीय न्यायिक सम्मेलन सम्पन्न गरिएको र  जसमा बागमती प्रदेशका विभिन्न स्थानीय तहहरुबाट न्यायिक संयोजकहरुको गरिमामय उपस्थिति रहेको र १२ बुँदे प्रतिवद्धता समेत जारी गरेको छ।

## आर्थिक प्रशासन तथा सार्वजानिक वित्त व्यवस्थापन

गाउँपालिकाले आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राखी सार्वजनिक स्रोतको प्रभावकारी तथा नतिजामुखी उपयोग सुनिश्चित गर्न आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । आन्तरिक लेखापरीक्षणलाई नियमित र व्यवस्थित बनाउँदै त्रैमासिक रुपमा प्रतिवेदन जारी गर्ने व्यवस्था गरिएको छ। बेरुजु व्यवस्थापनलाई बहुआयामिक ढङ्गबाट सुधार गर्दै कार्यकुशलता अभिवृद्धि, बेरुजु फर्छौट तथा सम्परीक्षण कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ। आर्थिक क्रियाकलापमा सुशासन कायम गर्दै योजना तथा बजेट कार्यक्रमलाई नागरिकको आवश्यकता र सेवाप्रवाहसँग जोडिने गरी कार्यान्वयन गरिएको छ।

गाउँपालिकाले नतिजामुखी **शून्य बेरुजु अभियान** तर्फ अग्रसर हुँदै विगतका बेरुजु फर्छौट तथा सम्परीक्षणमा उल्लेखनीय प्रगति हासिल गरेको छ भने आगामी दिनमा थप सक्रियता र प्रभावकारी कार्यसम्पादनमार्फत अझ ठूलो परिणाममा बेरुजु न्यूनीकरण गर्ने लक्ष्य लिएको छ। साथै, मध्यकालीन खर्च संरचना (MTEF) तर्जुमा गरी बजेट तथा योजनालाई नागरिकमैत्री, पारदर्शी र उत्तरदायी बनाइएको छ । आर्थिक प्रशासनका क्षेत्रमा महालेखा परीक्षकको प्रतिवेदन, वित्तीय जोखिम मूल्याङ्कन (FRA), स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA/LIZA) तथा स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल्याङ्कन (LGPAS) लगायतका सूचकहरूमा उत्कृष्ट नतिजा हासिल गर्दै समग्र वित्तीय सुशासन र संस्थागत क्षमता विकासमा गाउँपालिकाले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।

**लेखाङ्कन तथा राजश्व परिचालन**

यस गाउँपालिकाले भूमिकर, व्यवसाय कर, सम्पत्ति कर, घरबहाल कर आदि संकलनमा निरन्तरता दिँदै आएको छ। परिणामस्वरुप यस आ.व. मा राजश्व संकलन लक्ष्य भन्दा करिव १८ लाख ४४ हजार बढी राजश्व संकलन भएको छ। त्यसैगरी ६ वटै वडा कार्यालय र गाउँपालिका कार्यालयमा Online राजश्व दाखिला प्रणाली सुत्र राजश्व मोड्युल अनिवार्य लागू गरिएको र राजश्व शुल्क Online (EFT) मार्फत भुक्तानी हुने भएको छ।

सभा सदस्यज्यूहरु,

## आर्थिक बर्ष ०८३/०८४ को नीति तथा कार्यक्रमहरु

## आर्थिक विकास

### (क) कृषि तथा पशु

- कृषकहरुसँगको साझेदारीमा पशु बिमा कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
- स्थानीय स्रोत साधनको सदुपयोग गरी साइलेस बनाउने तालिम सञ्चालनमा ल्याईनेछ।
- अखबरे खुर्सानी, चाईनिच लसुन खेती सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
- तालिम प्राप्त कृषकहरुलाई बंदेलको पाठापाठी वितरण कार्यक्रममा जोड दिईनेछ।
- अन्तरपालिका कृषक भ्रमण कार्यक्रम लागु गरी आधुनिक कृषि प्रणाली सिकाईलाई अगाडि बढाईनेछ।
- प्राङ्गारिक मल उत्पादन तालिमलाई जोड दिईनेछ।
- आलु पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- आकस्मिक पशुपन्छी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अर्गानिक कृषि प्रणालीमा विशेष जोड दिइनेछ।
- Seed बैंक सञ्चालन गरी आयआर्जनमा जोड दिईनेछ।

### (ख)उद्योग

- दलित महिला सिलाई कटाई तालिम तथा सिलाई मेशिन वितरण गरिनेछ।
- रुवी भ्यालीको स्थानीय उत्पादन प्रदर्शनी तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम गरिनेछ।
- सहकारी व्यवस्थापन तालिम सञ्चालन गरिनेछ।

## (ग) पर्यटन

- रुवी भ्याली गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न थप प्रभावकारी कार्यक्रमहरु अवलम्बन गरिनेछ ।
- गणेश हिमाल आरोहण कार्यक्रम सञ्चालनमा ल्याई गणेश हिमाल क्षेत्रमा रहेको कालो दह, सेतो दह, दुध कुण्ड, गणेश कुण्ड जस्ता धार्मिक एवम् पर्यटकीय स्थलहरुलाई प्रचारप्रसार गरि पर्यटन प्रवर्द्धनमा जोष दिईनेछ ।
- बागमती प्रदेश सरकार सँग समन्वय गरि तातोपानी, हिन्दुङ, कालो दह, सेतो दह बिश्राम घर तथा पदमार्ग निर्माण कार्य अगाडि बढाईनेछ ।
- त्यसैगरी गणेश हिमाल बेस क्याम पूर्वाधार निर्माण कार्य समेत थालनी गरिनेछ ।
- धार्मिक एवम् पर्यटकीय स्थल सिङ्ला क्षेत्रको पूर्वाधार विकास जोड दिन मचेत खर्कदेखि सिङ्ला जाने पदमार्ग निर्माण कार्य अगाडि बढाईनेछ ।
- रुवी भ्याली गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिसँग जोडिएको सेदाचेत (सेर्की दुङमो) संरक्षण तथा पूर्वाधार विकास कार्यक्रम अगाडि बढाईनेछ ।

## सामाजिक विकास:

## (क)शिक्षा युवा तथा खेलकुद

- गा.पा. अनुदान शिक्षक तथा कँराते प्रशिक्षकहरुको तलब ५% ले वृद्धि गरिनेछ ।
- त्यसैगरी विद्यालय सहयोगीहरुको तलब समेत वृद्धि गरिनेछ ।
- अतिरिक्त कक्षा शिक्षण कार्यक्रमलाई  निरन्तरता दिईनेछ ।
- नमुना विद्यालय सिकाई तथा अवलोकन भ्रमण कार्यक्रम आयोजना गरिनेछ ।
- SEE केन्द्रको विद्यालय व्यवस्थापन गरिनेछ ।
- SEE कोचिङ कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- रुवी भ्याली गा.पा. र निलकण्ठ क्याम्पस बीच भएको सम्झौता बमोजिम स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृद्धि  निरन्तरता दिईनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप  प्रभावकारी बनाईनेछ ।

## (ख) स्वास्थ्य

- ❖ रुवी भ्याली गाउँपालिका र जिल्ला धादिङ अस्पताल बीच भएको सम्झौता बमोजिम गाउँपालिकाबासीहरुको निशुल्क स्वास्थ्य उपचारलाई निरन्तरता दिईनेछ।
- ❖ सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई संचार खर्च उपलब्ध गराईनेछ।
- ❖ स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- ❖ बागमती प्रदेशको विशेष अनुदान कार्यक्रम मार्फत तेङचेत स्वास्थ्य ईकाई भवन निर्माण गरिनेछ।
- ❖ रुवी भ्याली आधारभूत अस्पतालको भौतिक संरचना थप भएसँगै सेवाप्रवाहलाई थप व्यवस्थित गरिनेछ।

## ग) आयुर्वेद

- ❖ पशु औषधी तथा आयुर्वेदिक औषधी कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- ❖ स्थानीय जडिबुटी अभिलेखिकरण कार्य सम्पन्न गरि पुस्तक प्रकाशनमा ल्याईनेछ।
- ❖ आयुर्वेद सेवा शिविर मार्फत पाईल्स, फिस्टुला र मलद्वार सम्बन्धी रोगहरुको स्कृनिङ कार्यक्रम अघि बढाईनेछ।

## (घ)भाषा तथा संस्कृति

- ❖ तामाङ लिपिको आधारभूत पुस्तक प्रकाशनमा ल्याईनेछ।
- ❖ तामाङ, गुरुङ, घले समुदायको विभिन्न सांस्कृतिक एवम् धार्मिक पर्वहरुको संरक्षण तथा प्रवर्द्धनमा जोड दिईनेछ।

## (ङ) सामाजिक विकास तथा लक्षित वर्ग

- ❖ एकल महिला आयआर्जन कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
- ❖ लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम आयोजना गरिनेछ।
- ❖ बालविवाह न्यूनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ सामाजिक समावेशिकरण तथा सामुयिक सशक्तिकरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- ❖ वडा स्तरीय कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ मेलमिलाप केन्द्र व्यवस्थापनमा जोड दिईनेछ।
- ❖ विभिन्न स्थानीय तहको न्यायिक सम्मेलन घोषणापत्रहरुको संगालो प्रकाशन गरिनेछ।
- ❖ रुवी भ्याली गाउँपलिकाको ऐन कानून कार्यविधिहरुको पुनरावलोकन गरिनेछ।

## पूर्वाधार विकासः

### सडक पूर्वाधार

- ❖ बागमती प्रदेश सरकारद्वारा "रुवी भ्याली गाउँपालिका, धादिङ मानव विकास सुचाङ्क (HDI) मा पछाडि परेका स्थानीयहरुमा पूर्वाधार निर्माण कार्यक्रम" शिर्षकमा विनियोजित बजेटबाट यस गाउँपालिकाको विभिन्न सडक स्तरोन्नति तथा विस्तार कार्य अगाडि बढाईनेछ।
- ❖ यस कार्यक्रमलाई व्यवस्थित गर्न पूर्वाधार विकास कार्यालय धादिङसग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।
- ❖ बागमती प्रदेश सरकारबाट पूर्वाधार विकासतर्फ विभिन्न शीर्षकहरूमा विनियोजित योजना तथा कार्यक्रमहरू (सडक स्तरोन्नति, पुल निर्माण, पहिरो नियन्त्रण, खानेपानी तथा सिंचाई, झोलुङ्गे पुल, एकीकृत बस्ती विकास लगायत) को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गरी पालिकास्तरबाट सक्रिय भूमिका निर्वाह गरिनेछ। साथै, सम्बन्धित निकायहरूसँगको सहकार्यमा योजनाहरूलाई समयमै, गुणस्तरीय र परिणाममुखी ढङ्गबाट सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ साथै स्वास्थ्य तथा शैक्षिक सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र पहुँचयोग्य बनाउन आवश्यक भौतिक पूर्वाधार तथा संरचनाको विकास, विस्तार र स्तरोन्नति गरिनेछ।

### सूचना तथा सञ्चार प्रविधि

- ❖ विद्यालयमा *ICT* सामाग्री मर्मत र सञ्चालन सम्बन्धी आधारभूत तालिम(*Software & hardware)*लाई प्राथमिकता दिईनेछ।
- ❖ विद्यालयहरुमा STEM कक्षा तालिम कार्यक्रमलाई निरन्तरता दिईनेछ।

### प्रशासन तथा सुशासन(Good Governance)

- ❖ LGPAS अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ पालिकाभित्र रहेका स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालयहरुमा ई-हाजिरी जडान गरि अनिवार्य लागु गरिनेछ।

### मानव संशाधन विकास

- ❖ जनप्रतिनिधि तथा कर्मचारीहरुको दुर्घटना बिमाको व्यवस्था गरिनेछ।
- ❖ विभिन्न सरकारी तथा गैरसरकारी साझेदारी कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

- ❖ गाउँप्रहरी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

## पञ्जिकरण व्यवस्थापन

- ❖ सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्न *Iris Scanner* खरिद गरि लागु गरिनेछ ।
- ❖ ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई सहायता सामाग्री वितरण गरिनेछ ।

## राजश्व

- ❖ एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी राजश्व संकलनमा जोड दिईनेछ ।
- ❖ सार्वजानिक तथा सरकारी जग्गाको पहिचान गरि अभिलेख तयार गरिनेछ ।

## सिंचाई तथा जलस्रोत

- ❖ गाउँपालिकाभित्र सञ्चालनमा रहेका लघु जलविद्युत आयोजनाहरुलाई व्यवस्थित गर्न ऐन वा कार्यविधि निर्माणका लागि सेवा खरिद तयार गरिनेछ ।

## बन तथा वातावरण

- ❖ रुख, बोटविरुवा, जडिबुटी तथा खनिज पदार्थहरुको संरक्षण तथा संवर्द्धन गरि वातावरणलाई अनुकूल सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ फोहोर व्यवस्थापन, डढेलो नियन्त्रण, वन संरक्षण जस्ता कार्यहरुमा जोड दिईनेछ ।

गाउँसभाका सदस्यज्यूहरु,

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका क्रममा अमूल्य राय, सुझाव, सल्लाह तथा सहयोग प्रदान गर्नुहुने गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, संघसंस्था, गाउँपालिकाका विषयगत शाखाका प्रमुख तथा सम्पूर्ण कर्मचारी साथीहरू, शिक्षक समुदाय, साथै न्यायप्रेमी रुवी भ्याली गाउँपालिकाका आदरणीय आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक सम्मानसहित विशेष धन्यवाद व्यक्त गर्दछु ।

सुशासन, पारदर्शिता, जवाफदेहिता र समावेशी विकासको मूल मर्मलाई आत्मसात गर्दै समृद्ध, अनुशासित, सभ्य, सुरक्षित तथा आकर्षक पर्यटकीय गन्तव्यसहितको नमुना गाउँपालिकाको रूपमा रुवी भ्यालीलाई स्थापित गर्ने अभियानमा यहाँहरूको निरन्तर साथ, सहयोग र सकारात्मक भूमिकाको अपेक्षा गर्दछु ।

सामूहिक प्रयास, सहकार्य र साझा प्रतिबद्धताबाट गाउँपालिकाको समग्र विकास र समृद्धिको यात्रालाई थप उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्दै पुनः सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अभिवादन !!!

सम्बद् २०८३ साल आषाढ १० गते मंगलबार

राम सिंह तामाङ

अध्यक्ष

रुवी भ्याली गाउँपालिका